# साझा सेवा (सहकारी संस्था) लि.
## केन्द्रीय कार्यालय, बल्खु, काठमाडौं
## सूची दर्ता गर्ने बारेको सूचना

सूचना प्रकाशित मिति : २०८१/०२/१३

आर्थिक वर्ष २०८१/८२ को लागि यस साझा सेवा (सहकारी संस्था) लि. लाई आवश्यक पर्ने निम्न बमोजिमका वस्तु तथा सेवाहरु आपूर्ति गर्ने प्रयोजनको लागि सम्बन्धित विषयको कारोवार गर्न स्वीकृति प्राप्त गरेका अनुभवी इच्छुक व्यक्ति, फर्म तथा कम्पनीहरुलाई आफूले आपूर्ति गर्ने वस्तु तथा प्रदान गर्ने सेवाको विवरण खुलाई सूची दर्ताको लागि आवश्यक कागजातसहित खामबन्दी गरी खामको बाहिरपट्टि सूची दर्ता गरिने विषयबारे प्रष्ट रुपमा उल्लेख गरी देहायका शर्त बमोजिम यो सूचना प्रकाशित भएको ३५ (पैंतीस) दिनभित्र यस संस्थाको केन्द्रीय कार्यालय, बल्खु, काठमाडौंस्थित प्रशासन शाखामा कार्यालय समयभित्र बिहान १०:० बजेदेखि ४:३० बजे सम्ममा वा संस्थाको इमेल sajhapsl@gmail.com मा आइपुग्ने गरी निवेदन दर्ता गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**<u>सूची दर्ताका लागि निवेदनकासाथ पेश गर्नुपर्ने कागजात तथा शर्तहरु</u>**

१. सूचीकृत हुन चाहने व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि-१
२. फर्म तथा कम्पनीको हकमा दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि-१
३. स्थायी लेखा नम्बर तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि-१
४. कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि-१
५. कार्यसम्पादन तथा मूल्याङ्कन सम्बन्धी पत्रहरुको प्रतिलिपि (भएमा) ।
६. सूचीकृत हुन चाहने फर्म (एकल वा संयुक्त) को तर्फबाट निवेदन पेश गर्दा प्रोपाइटर/साझेदार र कम्पनीको हकमा सञ्चालक समितिको निर्णयबाट अख्तियार प्राप्त व्यक्तिले अनिवार्य रुपमा दस्तखत गरी निवेदन पेश गर्नुपर्नेछ ।
७. नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त अद्यावधिक इजाजतपत्रहरु ।
८. विगतमा कालोसूचीमा नपरेको हुनुपर्नेछ ।

**<u>खरीद तथा आपूर्तितर्फ</u>**

१) स्टेशनरी तथा कार्यालय सामग्रीहरु उपलब्ध गराउने ।
२) छपाई सम्बन्धी कार्य गर्ने (बील, लेटरप्याड तथा अन्य) ।
३) इलेक्ट्रोनिक्स उपकरण, कार्यालय उपकरण (कम्प्युटर, प्रिन्टर, फोटोकपी, युपीएस, टोनर, कार्टिज, स्पेयर पार्टस् आदि) तथा मर्मत संभार आदि ।
४) पिउने पानी सप्लाई गर्ने ।
५) टैंङ्कट्रक तथा कारको टायर सप्लाई गर्ने ।
६) टैंङ्कट्रक तथा कारको टायर रिसोलिङ्ग गर्ने ।
७) सवारी साधन मर्मत संभार सेवा प्रदायक ।
८) सुरक्षण उपकरणहरु जस्तै : CCTV, Fire Extinguisher आदि आपूर्ति तथा मर्मत सम्भार सेवा प्रदायक ।

२०८१/२/१३